जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ५ भागः २ संख्याः ११, मितिः २०७९/०७/०७ गते

### भाग-२

### चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

चन्द्रकोट गाउँपालिका

# मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि, २०७९

**प्रस्तावना:** व्यवसायिक कृषक तथा उद्यमीहरुलाई उनिहरुले संचालन गरिरहेको व्यवसाय र सोको सम्भाव्यताको आधारमा अनुदान प्रवाह गरेमा पशुजन्य उत्पादन व्यवसाय दीगो र व्यवसायिक रुपमा अगाडि बढ्ने तथा संगठित बजारमा पशु तथा पशुजन्य पदार्थहरुको उपलब्धता बढ्ने तथ्यलाई मध्यनजर गर्दै चन्द्रकोट गाउँ कार्यपालिका कार्यालयको पशु खोप, विमा, आहारा र गोठ व्यवस्थापन तथा भकारो सुधार जस्ता कार्यक्रम सहकार्यमा संचालन गरिने व्यवसायिक पशु पालन, दुग्ध उत्पादन, घाँसको बीउ वृद्धि, मासु पसल सुधार, डेरी पसल सुधार जस्ता कार्यक्रममा सहभागी हुने कृषक, समुह, समिति, सहकारी, संघ/सस्था, निजी फार्म/उद्यमी मार्फत माछा, मासु, दूध, अण्डा उत्पादनलाई व्यवसायीकरण तर्फ उत्प्रेरित गर्ने नीतिलाई साकार पार्न, मागमा आधारित अनुदान कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न बाञ्छनीय भएकोले चन्द्रकोट गाउँपालिकाले मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि, २०७९ बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम तथा प्रारम्भः

क) यस कार्यविधिको नाम "मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि, २०७९" रहेको छ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ

२. परिभाषा : **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

क) **"गाउँपालिका"** भन्नाले चन्द्रकोट गाउँपालिका सम्झनु पर्दछ।

ख) **“कार्यपालिका”** भन्नाले चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग) **"शाखा"** भन्नाले पशु सेवा शाखा सम्झनु पर्दछ।

घ) **"वडा"** भन्नाले चन्द्रकोट गाउँ पालिका अन्तर्गत पर्ने १ देखि ८ नं. सम्मका वडाहरु सम्झनु पर्दछ।

ङ) **“प्राबिधिक”** भन्नाले चन्द्रकोट गाउँपालिका पुश सेवा शाखामा कार्यरत कर्मचारी सम्झनु पर्दछ।

च) **“अनुदान”** भन्नाले पशुपंक्षी तथा मत्स्य पालनको लागि **अनुसूची** २ बमोजिमको मापदण्ड अन्तर्गत रहेका मुल्य श्रृखलाहरुमा दिईने अनुदान रकम सम्झनु पर्छ।

छ) **“अनुदानग्राही”** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त पशुपंक्षी तथा मत्स्य पालक कृषक समुह/सहकारी, संस्था/निजी फर्म/उद्यमीहरु सम्झनु पर्दछ।



चन्द्रकोट गाउँपालिका

ज) **"कार्यविधि"** भन्नाले पशुपंक्षी विकास शाखाको स्वीकत वार्षिक बजेट तथा कार्यक्रममा मागमा आधारित अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए बमोजिम व्यवस्थापन गर्ने गरी गोठ व्यवस्थापन, हिउदे, वर्षे, बहुवर्षे घाँस बीउ तथा बिजबृद्धि अनुदान, मासु पसल सुधार, डेरी पसल सुधार, खोर सुधार, कुखुरापालन, मत्स्य पालन, ह्याचरी निर्माण/सुधार तथा व्यवसायिक उत्पादकलाई उत्पादन तथा बजारीकरणमा सहयोग कार्यक्रम मागमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०७९ सम्झनु पर्दछ।

झ) "मागमा आधारित अनुदान कार्यक्रम" भन्नाले चन्द्रकोट गाउँपालिका मार्फत संचालन तथा व्यवस्थापन गर्ने गरी दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

ञ) "मापदण्ड" भन्नाले मागमा आधारित अनुदान कार्यक्रमका लागि पेश गरिएको प्रस्ताव मूल्याङकनको लागि तोकिएको **अनुसूची ३** तथा चन्द्रकोट गाउँपालिकाको मार्ग निर्देशन बमोजिमको मापदण्डलाई सम्झनु पर्दछ।

ट) "समिति" भन्नाले चन्द्रकोट गाउँपालिकाले व्यवस्था गरे अनुसारको छनौट समिति सम्झनुपर्छ।

ठ) "लगानी रकम" भन्नाले आयोजनाको सम्झौतामा उल्लेख भए अनुसारको व्यवसायिक पशुपंक्षी, मत्स्य विकास कार्यक्रमको अनुदान र अनुदानग्राहीले व्यहोर्ने रकम समेत गरी कुल लगानी रकम सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

**३. कार्यक्रमका उद्देश्यहरुः**- उद्देश्यहरु देहाय बमोजिम रहेका छन्-

क) पशुपंक्षी तथा मत्स्य विकास प्रणालीलाई आधुनिकीकरण, व्यवसायिकरण गरी उत्पादन र उत्पादकत्वमा गुणात्मक वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गर्नु।

ख) रोजगारीका अवसरहरु सृजना गरी गरिवी निबारणमा टेवा पुऱ्याउनु।

ग) पशुपंक्षी तथा मत्स्य पेशालाई व्यवसायिक र मर्यादित पेशाको रुपमा स्थापित गराउनु।

घ) पेशालाई दीगो, भरपर्दो र विश्वसनिय बनाउने एवम् उद्यमीहरुलाई प्रेरित गर्नु।

ङ) समृद्ध चन्द्रकोट सुखी चन्द्रकोटबासी बनाउन सहयोग पुऱ्याउनु।

**४. कार्यक्रमका मापदण्डहरु**- मागमा आधारित अनुदान कार्यक्रकमको मापदण्ड यसै कार्यविधिको **अनुसुची २** बमोजिम हुनेछ।

**५. कार्यक्रम स्थल छनौटका आधारः** आवश्यकता, सम्भाव्यता, माग तथा कार्यक्रमको प्रकृति हेरी गाउँपालिका भित्रका विभिन्न वडाहरुमा कार्यक्रम संचालन स्थल छनौट गरिने छ ।

चन्द्रकोट गाउँपालिका

**६. कार्यक्रम संचालन प्रक्रिया:-**

क) पशुपंक्षी विकास शाखाको वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएको अनुदान कार्यक्रमको लागि बजेटमा व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा बढीमा पचास प्रतिशत (५०%) सम्म अनुदान उपलब्ध हुनेगरी कार्यक्रम संचालन गरिनेछ।

ख) अनुदान प्रवाहका लागि कम्तीमा ७ (सात) दिन र बढीमा १५(पन्ध्र) दिनको म्याद दिई **अनुसूची १** को ढाँचा बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

ग) प्रस्ताव पेश गर्दा **अनुसूची १** अनुसारको वर्गीकरण, **अनुसूची २** को मापदण्ड अनुसार **अनुसूची ४** को ढाँचा तयार गरीचन्द्रकोट गाउँपालिका पशुपंक्षी विकास शाखामा पेश गर्नुपर्ने छ।

घ) यसरी प्राप्त भएका प्रस्तावहरुको मुल्याङकन कार्य **अनुसूची ३** बमोजिमको प्रस्ताव मूल्याङकनको आधारमा गरिनेछ।

ङ) प्राप्त प्रस्तावहरुका आधारमा पशुपंक्षी विकास शाखाबाट स्थलगत निरीक्षण समेत गरी विवरण बनाई समितिमा पेश गर्नु पर्नेछ।

च) यसरी पेश हुन आएका प्रस्तावहरु समितिको बैठक बाट छनौट गरिनेछ।

छ) छनौटमा परेका स्वीकृत प्रस्तावहरुको विवरण सबैको जानकारीको लागि चन्द्रकोट गाउँपालिकाको सूचना पार्टीमा टाँस रिनेछ। साथै सम्बन्धित वडा कार्यालयहरुमा पठाईनेछ।

ज) चन्द्रकोट गाउँपालिकाबाट छनौटमा परेका अनुदानग्राहीसंग **अनुसूची ५** बमोजिम सम्झौता गरिनेछ।

झ) कार्यक्रम अबधी र क्रियाकलापको विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

ञ) कार्यक्रम  संचालन तथा सम्पन्न गर्दा लाग्ने खाजा, खाना, भत्ता, स्टेशनरी, ईन्धन,सोही कार्यक्रममा विनियोजन गरिएको बजेट शीर्षकबाट खर्च गरिनेछ।

**७.छनौट समिति:** कार्यक्रमको लागि तपशिल अनुसारको एक छनौट समिति रहनेछ। जसले कार्यक्रममा पेश हुने प्रस्तावहरुको छनौट तथा मूल्याङ्कन गर्नेछ।

तपशिल

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. ८ वटै वडा अध्यक्षहरु | सदस्य |
| ५. सम्बन्धित शाखाको प्रमुख | सदस्य सचिव |

कार्यक्रममा विशेष आमन्त्रित सदस्यका रुपमा आवश्यकता अनुसार सम्बन्धित विषयगत समिति संयोजक तथा अन्य विषय-विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

चन्द्रकोट गाउँपालिका

८.**समितिको काम, कर्तव्य र अधिकारः**दफा (७) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछन।

(क) कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने प्रस्तावकहरु मध्ये अनुदानग्राहीको नाम छनौट गर्ने,

(ख) संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ग) अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण राख्न लगाउने।

(घ) अन्य कार्यक्रम सँग सम्बन्धित आवश्यक अन्य कार्य गर्ने।

९. **कार्यक्षेत्रः** यो कार्यक्रम चन्द्रकोट गाउँपालिका क्षेत्र भररहनेछ ।

१०. **छनौट प्रकृया** : प्रस्ताव राखेका फर्म/सहकारीको छनौट यस कार्यविधि बमोजिम गठित छनौट समितिले गर्नेछ ।

११. **अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन गर्न देहाय अनुसारको एक अनुगमन समिति रहने व्यवस्था रहेको छः-

**तपशिल**

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४. सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ५. प्रशासन शाखा प्रमुख | सदस्य |
| ६. सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य |
| ७. योजना अधिकृत | सदस्य-सचिव |

१२. **अनुदान रकम भुक्तानी प्रक्रियाः-**

अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

कार्य सम्पन्न भएपश्चात अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन, सो संग सम्बन्धित आवश्यक विल भरपाई, संचालित कार्यक्रमको फोटो तथा होडिङ बोर्ड, सम्बन्धित वडा कार्यालयको कार्य सम्पन्नताको सिफारिस, लागत मुल्याङ्कन र पशुसेवा शाखाको स्थलगत निरीक्षण तथा अनुगमन गरी सिफारिस भए पश्चात प्रचलित कानून बमोजिम भुक्तानी गर्नेछ।

१२.**कारवाहीः** यस कार्यविधि बमोजिम सुविधा उपलब्ध प्राप्त गर्ने शिलशिलामा गलतमनासाय राखी, सुविधा प्राप्त गर्न ढाँट छल गरेको प्रमाणित भएमा सुविधा बापत दिएको रकम बरावरको रकम सम्बन्धित लाभग्राहीबाट असुल उपर गरिनेछ।

चन्द्रकोट गाउँपालिका

१३. **संशोधन वा हेरफेरः** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्नसक्नेछ ।

१४. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालि

## अनुसूची १

(कार्यविधिको दफा ६(ख) सँग सम्बन्धित)

कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वानको ढाँचा

*चन्द्रकोट गाउँपालिकाको लेटरहेड*

*सूचना नम्बरः............*

मागमा आधारित अनुदान कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति ..............)

चन्द्रकोट गाउँपालिकाको आ. व.........को मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रमको लागि तपशिलको कार्यक्रम संचालन गर्न ईच्छुक व्यवसायिक कृषक/समुह/कृषि सहकारी/निजी फार्म तथा उद्यमीहरुले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र तपशिलमा उल्लेख गरिएका कागजातहरु संलग्न गरी आफ्नो व्यवसायिक योजना सहितचन्द्रकोट गाउँपालिका पशु सेवा शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क.स. | लगानीको क्षेत्र | कार्यालयबाटहुने लगानी | अनुदानग्राहीकोसाझेदारी अंश | योग्य आवेदक |
|---|---|---|---|---|
| १ | जिउँदो माछा, मत्स्य,ह्याचरी, डेरीपसल, मासुपसल निर्माणर सुधार | कार्यक्रमका लागिबजेट व्यवस्था भए बमोजिम | न्युनतम ५०(पचास) प्रतिशत | व्यवसायिक उत्पादक/कृषक वाकृषक समुह/उत्पादन मुलक पशुपंक्षी तथामत्स्य व्यवसायमा संलग्न सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरु |
| २ | गाई/भैंसी/भेडा/बाख्रा को लागि खोर, गोठ, भकारो सुधार तथा व्यवस्थापन | | | |
| ३ | हिउँदे/वर्षे/बहु वर्षे घाँसको बीउ वितरण | | | |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. नेपाली नागरिकताको प्रतिलिपि

२. पशुपंक्षी/मत्स्य कृषक समुह/सहकारी संस्था/निजी फार्म तथा उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि

२. पशुपंक्षी/मत्स्य सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुको हकमा कर चुक्ताको प्रमाणपत्र, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. कार्यालयबाट तोकिएको ढाँचामा निवेदन

४. संघ/संस्था/सहकारीको हकमा अनुदान माग गर्ने सम्बन्धमाभएको निर्णयको प्रतिलिपि

५. कार्यक्रम संचालन गर्ने स्थानको जग्गाको लालपुर्जा(भाडामा लिएको भए सो सम्बन्धी भएको संझौतापत्र)।

*थप जानकारीको लागि पशुसेवा शाखा ....................... मा सम्पर्क गर्न सकिने छ ।*

...................................

प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाँउपालिका

## अनुसूची २

(कार्यविधिको दफा ६(ग) सँग सम्बन्धित)

### कार्यक्रमको लागि मापदण्ड

| क्र.सं. | लगानीकाउपक्षेत्रहरु | मूल्य श्रृखलाहरु | न्युनतम पूर्वाधार | आवश्यककागजात |
|---|---|---|---|---|
| १ | जिउदो माछा/मासु/ दूध पसल सुधार रनिर्माण | दैनिक गुणस्तरीयजिउँदो माछा/फ्रोजन मासु, दूध तथा विविधिकरण गरिएका दूग्ध जन्य पदार्थहरु विक्री वितरण गर्नुपर्ने। | जिउदो माछाको अक्सिजन सिलिन्डर, सिमेन्टेड ट्याङ्क,मासु पसल र डेरी पसलको हकमा पशुपंक्षी उत्पादन तथा बजार प्रबर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ बमोजिम हुनेछ। | व्यवसायिक योजना दर्ता प्रमाणपत्रको प्रतिलिपि, जग्गाको हकमा लालपुर्जा/ करार सम्झौताको प्रतिलिपि, सम्बन्धित वडाको सिफारिस, नागरिकताको प्रतिलिपि। |
| २ | गाई/भैसी/वंगुर/ भैडा/ बाख्रा पालन तथा फार्म सुधार | मासु, दुध,अण्डा उत्पादन | प्रस्ताव पेश गर्दा न्युनतम ३ वटा दूधालु गाई/भैसी भएको हुनुपर्ने, बाख्राको हकमा १० वटा माउ बाख्रा हुनुपर्ने। वंगुरको हकमा ३ वटा माउ वंगुर हुनुपर्ने। | |
| ३ | नयाँ पोखरी निर्माण तथा सुधार/ईलेक्ट्रिक मोटर,तारजाली,अटोफिडर | नयाँ पोखरी निर्माण गरी संघन मत्स्य पालन तथा आधुनिक उपकरणहरु प्रयोग | कम्तिमा १.५ रोपनी जलाशय क्षेत्र हुनुपर्ने। | |
| ४ | साना किसान गोठ सुधार सहयोग | | गोठ व्यवस्थापन,भकारो सुधार, आहारा व्यवस्थापन, स्वच्छ दूध उत्पादन | |

अनुसूची ३

(कार्यविधिको दफा ६(घ) सँग सम्बन्धित)

*प्रस्ताव मूल्याङ्कनका आधारहरु*

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक/कृषक योजना | ३० | |
| २ | मूल्य श्रृखलामा सहभागीको अनुभव | १० | |
| ३ | न्यूनतम पूर्वाधार पक्ष | १५ | |
| ४ | आर्थिक पक्ष | १५ | |
| ५ | कार्यक्रमको दीगोपना | १० | |
| ६ | वातावरणीय पक्ष | १० | |
| ७ | सामाजिक पक्ष | १० | |
| जम्मा | | १०० | |

चन्द्रकोट गाँउपालिका

अनुसूची ४

(कार्यविधिको दफा ६(ग) सँग सम्बन्धित)

*मागमा आधारित अनुदान कार्यक्रमका लागि निवेदन तथा प्रस्ताव पत्रको ढाँचा*

मिति :..........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,शान्तिपुर, गुल्मी।

विषय : प्रस्ताव पेश गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा ताहाँ गाउँपालिकाबाट मिति .................. मा प्रकाशित सूचना अनुसार मागमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन योग्यता पुगेकोले ..........................वर्गीकरणको ......................................................मूल्यश्रृखला अन्तर्गत त्यस कार्यालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधिनमा रही व्यवसायिक पशुपंक्षी तथा मत्स्य कार्यक्रम संचालन गर्न देहाय बमोजिमका कागजातहरु यसै पत्रसाथ संलग्न गरी पेश गरेको छु/छौं।

**संलग्न कागजातहरुः**

१. व्यवसायिक कार्यक्रम पशुपंक्षी तथा मत्स्य सम्बन्धी समुह/सहकारी भएमा बैठकको निर्णयको प्रतिलिपि।

२. संस्था दर्ताको प्रमाणपत्र/लेखा परीक्षण प्रतिवेदन/कर चुक्ताको प्रमाणपत्र/भ्याट/पान दर्ताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान।

३. प्रस्तावकको नागरिकताको प्रतिलिपि १ थान।

४. व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि १ थान।

५. जग्गाको लालपुर्जा/भाडा सम्झौता पत्रको प्रतिलिपि १ थान।

६. निर्माण गरिने पूर्वाधारको सामान्य डिजाइन तथा स्टीमेट।

नाम : ................................
दस्तखत : ............................
ठेगाना : .............................
पद : ..................................
संस्थाको नाम : .......................
सम्पर्क नं. : ...........................
संस्थाको छाप :

चन्द्रकोट गाउँपालिका

अनुसूची ५

(कार्यविधिको दफा ६(ज) सँग सम्बन्धित)

*मागमा आधारित अनुदान कार्यक्रमको सम्झौता पत्रको नमूना*

चन्द्रकोट गाउपालिकाको आ. व. ...................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मागमा आधारित अनुदान कार्यक्रम संचालन गर्न चन्द्रकोट गाउपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र श्री ...................................... (यस पछि दोश्रो पक्ष भनिने) का वीच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं।

तपशिल :

१. प्रथम पक्षले मागमा आधारित अनुदान कार्यक्रम मार्फत व्यावसायिक पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि जम्मा लागत रु. ......................... मध्ये दोश्रो पक्षलाई रु. ............ ( अक्षेरुपी ................) बरावरको आर्थिक/जिन्सी अनुदान प्रदान गर्नेछ। बाँकी रकम दोस्रो पक्ष आफै लगानी गर्नेछ ।

२. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम संचालन गर्नु पर्नेछ। सोको अनुगमनका लागि प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

३. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमति अनुसारका पशुपंक्षी तथा मत्स्य सामाग्रीरहरु आफैले खरिद गरी नियमानुसारको बिल,  भरपाई, प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन, सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिस तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ।

४. प्रथम पक्षले तोकेको प्राविधिकको प्रतिवेदन सिफारिसमा भएको प्रगतिका आधारमा अनुदान रकम पक्षको बैंक खातामा वा चेक वा नगद एकमुष्ट भुक्तानी दिईनेछ। उक्त रकम कार्यक्रम सम्पन्न भएपछि मात्र भुक्तानी गर्नेछ।

५.प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको आवश्यक मर्मत सम्भार गर्नेजिम्मा दोश्रो पक्षको हुनेछ। निर्माण कार्यकोहकमा प्रस्तावनामा समावेश भएको डिजाईन तथा इष्टिमेट बमोजिम गर्नु पर्नेछ।

६. दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगति विवरण प्रथम पक्ष वा प्रथम पक्षले तोकि निकायमा उपलब्ध गराउनु पर्नेछ ।

चन्द्रकोट गाउँपालिका

७. उल्लेखित सम्पुर्ण कार्यक्रम मिति .............. भित्रै सम्पन्न गरिसक्नु पर्नेछ। कुनै समस्या देखिए सम्बन्धित शाखा प्रमुखले सम्बन्धित वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई समयमै जानकारी गराउनु पर्दछ ।

८. कार्यक्रम संचालित स्थानमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित बोर्ड अनिवार्य राख्नु पर्नेछ।

९. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

| <u>प्रथम पक्ष</u> | <u>रोहवर</u> | <u>दोश्रो पक्ष</u> |
|---|---|---|
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | ठेगाना : |
| कार्यालय : | | पद : |
| छाप : | | सम्पर्क नं. : |
| | | संस्थाको छाप : |

चन्द्रकोट

ईती संम्वत् २०.. साल ............महिना ........गते रोज ......शुभम्।